# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति,

# २०७९

उत्तरगया गाँउपालिका,
गाँउकार्यपालिकाको कार्यालय खाल्टे, रसुवा ।
बागमती प्रदेश

माधवप्रसाद अर्याल
अध्यक्ष

# विषयसुचि


१. पृष्ठभूमि ........ 1

२. अवस्था विश्लेषण ........ 2

२.१. SWOT विश्लेषण ........ 3

२.२. सरोकारवाला पहिचान ........ 3

२.३. लक्षित वर्ग पहिचान ........ 6

३. दीर्घकालिन सोच (Vision) ........ 7

४. ध्येय (Mission) ........ 7

५. लक्ष्य (Goal) ........ 7

६. उद्देश्य (Objectives) ........ 8

७. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy) ........ 8

८. लैससास रणनीति(GESI Strategy) ........ 10

८.१ मूल प्रवाहिकरण ........ 10

८.२ समावेशीकरण ........ 10

८.३ स्थानीयकरण ........ 10

८.४ सशक्तिकरण ........ 10

८.५ सचेतीकरण ........ 11

८.६ संस्थागत संरचना ........ 11

८.७ समन्वय ........ 11

८.८ सहकार्य ........................................................ 11

८.९ सहजीकरण ........................................................ 12

८.१० सामाजिक सुरक्षा ........................................................ 12

८.११ अनुगमन मूल्याङ्कन ........................................................ 12

९. रणनैतिक कृयाकलापहरु ........................................................ 12

१०. वित्त व्यवस्थापन ........................................................ 25

११. कानूनी व्यवस्था ........................................................ 25

१२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व ........................................................ 26

१३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था ........................................................ 26

१४. संभाव्य जोखिम र न्यूनीकरणका उपायहरु ........................................................ 27

१४.१ संभाव्य जोखीम ........................................................ 27

१४.२ जोखीम न्यूनीकरणका उपायहरु ........................................................ 27

१५ निश्कर्ष ........................................................ 27


माधवप्रसाद अर्याल
अध्यक्ष

# १.पृष्ठभूमि

नेपालको संविधानले दिशा निर्देश गरे बमोजिम समानुपातिक,समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समता मूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण(लैससास)को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ ।

नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ । साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ । नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकार,राज्यका सवै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ।संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ।

साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला,दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडा वर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात् गरिएको छ।सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरेको,वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका,दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको, विभिन्न समुदाय बीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने,बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत,दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र

माधवप्रसाद अर्याल
अध्यक्ष

अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था गरेको छ।यसका साथै लैससासका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समय देखि नै प्राथमिकताका साथ आवधिक योजना, वार्षिक योजना,नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

विकास प्रकृयामा मुख्यतया ३ वटा सामान्य तर जटील प्रश्नहरुको जवाफ खोज्ने गरिन्छ । पहिलो प्रश्न अहिले म कहाँ छु ? दोश्रो अव म कहाँ र किन जाने ? र तेश्रो त्यो कसरी संभव छ ? पहिलो प्रश्नले वर्तमान अवस्था विश्लेषण गराउँछ, दोश्रो प्रश्नले लक्ष्य र अपेक्षित उपलव्धी को निर्धारण गर्दछ भने तेश्रो प्रश्नले नीति तथा रणनीति तयारी गराउछ ।यसै सन्दर्भलाई आत्मसात गरी यो उत्तरगया गाउँपालिका अन्तरगत सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशी मैत्री बनाउन, संवैधानिक एवम कानूनी उत्तरदायीत्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रबर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न उत्तरगया गाउँपालिकाले **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति"**तयार गरेको छ ।

## २. अवस्था विश्लेषण

रसुवा जिल्लामा ५ वटा स्थानीय तहहरू मध्य उत्तरगया गाउँपालिका जिल्लाको दक्षिण पश्चिम सिमावर्ती क्षेत्रसँग अवस्थित रहेको छ । साविक हाकु गा.वि.स.को वडा नं. ८ र ९, डाँडागाउँ, ठुलागाउँ र लहरेपौवा गा.वि.स.को वडा न.१-७ र ९ गरी ४ वटा गा.वि.स. मिलेर बनेको हो । बागमती प्रदेश अर्न्तगत उच्च पहाडी तथा हिमाली भेगको विशेषता बोकेको यो गाउँपालिकाको भौगालिक अवस्थिती, ऐतिहासीक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिती, प्राकृतिक तथा सांस्कृतिक उत्कृष्टता, विकासका संभावनाहरूलाइ आत्मसात गरी सामाजिक समावेशीकरणाको आधारमा समाजलाइ अग्रगमन दिन आवश्यक देखिन्छ ।

उत्तरगया गाउँपलिकाको समग्र भूभाग समुन्द्री सतहबाट करीव १००० मि. देखि ५००० मि. सम्म उचाईमा रहेको छ ।भौगोलिक अवस्थितिका हिसाबले २७ डिग्रि ५८ मि. २२ सेकेन्ड उत्तरी अक्षांस देखि २८ डिग्रि १० मि. ७ से. उत्तरी अक्षांस र ८५ डिग्रि ७ मि. २० से. पूर्वि देशान्तर देखि ८५ डिग्रि १४ मि. ३५ से. पूर्वि देशान्तर सम्म फैलिएको छ ।रसुवा जिल्लामा रहेको यस गाउँपालिकाको पूर्वमा कालिका गाउँपालिका पश्चिममा नुवाकोट जिल्ला, दक्षिणमा नुवाकोट जिल्ला र उत्तरमा आमाछोदिङ गाउँपालिकाको सिमाना जेडिएको छ ।यस गाउँपालिकाको कुल क्षेत्रफल १२१.५७ बर्ग किलोमिटर रहेको छ ।यस गाउँपालिकाले जिल्लाको कुल क्षेत्रफलको ७.८९ प्रतिशत भू-भाग ओगटेको देखिन्छ ।

यस गाउँपालिकाको घर परिवार सर्वेक्षण २०७६ अनुसार गाउँपालिकाको कुल घर धुरी २६३२ र जनसंख्या ११४९० रहेको छ । वडा अनुसार सवै भन्दा उच्च जनसंख्या वडा नं. ५ मा २८०४ रहेको छ भने सवै भन्दा कम वडा नं. ३ मा १६९३ रहेको देखिन्छ । जस अनुसार हालको औषत घर परिवारको आकार ४.३६ हुन आएको छ ।समग्रमा लैङ्गिक रूपमा यस गाउँपालिकाको जनसंख्या हेर्दा २०६८ को तुलनामा २०७६ मा

माधवप्रसाद अर्याल
अध्यक्ष

पुरूषको संख्या बढेको देखिन्छ । आठ बर्षको अन्तरालमा जनसंख्या ४.१३ प्रतिशतका दरले बृद्धि भएको देखिन्छ ।निर्माणाधीन गल्छी त्रिशुली-बेत्रावती-मैलुङ-स्याफ्रुबेशी-रसुवागढी अन्तराष्ट्रिय राजमार्ग यस गाउँपालिकामा रहेकाले बजार बिस्तार भई जनसंख्या बृद्धि हुने सम्भावना रहेको देखिन्छ ।घर परिवार सर्वेक्षण २०७६ अनुसार यस गाउँपालिका भित्र मातृ भाषाका रूपमा नेपाली र तामाङ भाषा बोल्ने गरेको देखिन्छ ।कुल जनसंख्या मध्ये ६०.१५ प्रतिशत जनसंख्याले नेपाली भाषा बोल्ने गरेका छन भने दोस्रो भाषाको रूपमा तामाङ भाषा बोल्ने जनसंख्या ३९.८५ रहेका पाइयो ।यस गाउँपालिकामा क्षेत्री, ब्राम्हण, दलित, तामाङ, गुरूङ, नेवार आदी जातजातिहरूको बसोवास रहेको पाइन्छ ।यो अवस्थामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनमा सहजता आउने देखिन्छ। लैङ्गिक समानता र सामाजिक समावेशीकरणको उपयुक्त प्रयोगशाला वनाउन सकिने यो गाउँपालिकाको लैससास रणनीति तयार गर्दा पहिलो चरणमा वर्तमान अवस्था विश्लेषण गरिएको छ ।हालको अवस्था विश्लेषणका लागि मुख्य हिसावले ३ वटा क्षेत्रहरु (SWOT,सरोकारवाला र लक्षितवर्ग) निर्धारण गरिएको छ । जसको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.१. SWOT विश्लेषण

यो उत्तरगया गाउँपालिकाको लैससासको दृष्टिकोणवाट बलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीति कानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशीता, मानव संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुशासन तथा उत्तरदायित्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरिएको छ ।जसलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ

**स्थानीय तहका आन्तरिक सबलता वा सवल पक्ष** (Strength)

- पालिका भित्र कार्यरत सम्पूर्ण कर्मचारीहरु मध्ये पुरुष, महिला, दलित, गैरदलितहरुको सहभागिता भएको
- निर्वाचित जनप्रतिनिधिहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्त बमोजिम सहभागिता भएको
- विकास योजनाहरुमा सहभागिता
- लैङ्गिक समानता कायम गर्न पालिकाबाट बजेट विनियोजन भएको
- वाल क्लब, विकास समिति, उपभोक्ता समिति, महिला समूह ,सहकारी संस्था समूह आदिमा समावेशीकरणको सिद्धान्त बमोजिम सहभागिता भएको
- लैङ्गिक हिंसा निवारण कोष स्थापना भएको

माधवप्रसाद अर्याल
अध्यक्ष

**बाह्य पक्षहरु**

- संघ,संस्था तथा प्रदेश सरकारबाट विनियोजित भएको कार्यक्रमहरु संचालन
- विभिन्न दिवस, उत्सव तथा कार्यक्रमहरुमा संचालन भएको जस्तै महिला दिवस,विश्व अपाङ्गता दिवस आदि
- पालिकाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको संस्थागत सवलिकरणका कार्यक्रमहरु
- संविधान नीति, कानून, कार्यविधिहरुको अनुशरण तथा कार्यान्वयन गर्ने सहयोग भएको

**स्थानीय तहका आन्तरिक दुर्लवता वा सुधार गर्नु पर्ने पक्ष** ( weakness )

- कार्यक्रमहरु प्राय पुरुष प्रधान हुनु।
- गरिबी तथा शिक्षा, तालिमको कमी।
- नियम कानूनको उचित कार्यान्वयन हुन नसक्नु।
- महिला तथा विपन्न वर्गहरुको आत्म सम्मान गर्न नसक्नु।
- परम्परागत मान्यतालाई प्रोत्साहन गर्नु।
- धार्मिक परम्परा अनुसार अन्ध-विश्वास कायम रहनु।
- मतदान प्रकृयामा सामेल भई निर्वाचित हुनु पर्ने बाध्यात्मक अवस्था बाहेक महिला , दलित, पिछडिएका वर्गहरुको सहभागितामा कमी।
- सामाजिक कार्यमा लक्षित वर्ग आफैले चासो नदिनु।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका अवसरहरु**

- कानूनी तथा नीतिगत व्यवस्था गरिएको ।

माधवप्रसाद अर्याल
अध्यक्ष

- कर्मचारी चयनमा पनि समावेशीकरण लाई जोड दिइएको ।
- सकारात्मक विभेद सम्बन्धी मापदण्ड भएको ।
- समान काम समान ज्यालाको व्यवस्था ।
- जातिय छुवाछुतको सुधार ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धित  कार्यक्रमहरु संचालन गरेको।
- छात्रा छात्रवृतिको व्यवस्था ।

**चुनौतीहरु**

- पितृसतात्मक सोचका कारण महिलाहरुलाई वैदेशिक रोजगारका क्षेत्रमा न्युन अवसर प्राप्त हुनु वा अवसरबाट बन्चित हुनु ।
- अपाङ्गता तथा दलित महिलाहरुलाई राजनीतिक नेतृत्वमा सहभागिता गराउन नसक्नु ।
- आर्थिक रुपले विपन्न वर्गका समुदायहरुलाई सामाजिक एंव राजनीतिक कृयाकलापमा सकृय सहभागिता गराउन नसक्नु ।
- पुराना पुस्तामा रहेको छुवाछुत प्रथाको न्युनिकरण गर्न नसक्नु ।

## २.२. सरोकारवाला पहिचान

उत्तरगया गाउँपालिका भित्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा संपर्क हुने ।दोश्रो माध्यमवाट संम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरी निम्नानुसार ३ भागमा विभक्त गरिएकोछ ।

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु) | दोश्रो माद्यमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरु ) | अप्रत्यक्ष संपर्क हुने हरु (तेश्रो नं का सरोकारवालाहरु ) |
| --- | --- | --- |
| महिला तथा बालबालिका शाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश |
| योजना शाखा/प्राविधिक शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सवै |

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु) | दोश्रो माद्यमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरु ) | अप्रत्यक्ष संपर्क हुने हरु (तेश्रो नं का सरोकारवालाहरु ) |
|---|---|---|
| शिक्षा युवा तथा खेलकुद शाखा | बैक (१ वटा ) | प्रदेश सुशासन केन्द्र |
| स्वास्थ्य शाखा | उद्योगहरु | भूमी व्यवस्था आयोग |
| प्रशासन शाखा | वाल क्लवहरु | संघीय मन्त्रालयहरु |
| वडा कार्यालयहरु | आमा समूहहरु | महिला आयोग |
| गाउँकार्यपालिका | उद्योग वाणिज्य संघ | दलित आयोग |
| गाउँ सभा | विद्यालयहरु | मुस्लीम आयोग |
| न्यायिक समिति | गैह्रसरकारी संस्थाहरु | राष्ट्रिय योजना आयोग |
| विषयगत समितिहरु सवै | राजनैतिक दलहरु | मानव अधिकार आयोग |
| रोजगार सेवा केन्द्र | | अन्तराष्ट्रिय दातृ निकायहरु |
| वैदेशिक रोजगार शाखा | | राष्ट्रिय स्तरका संचार माध्महरु |
| कृषि शाखा | | |
| पशुपालन शाखा | | |

## २.३. लक्षितवर्ग पहिचान

उत्तरगया गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्य नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो ।त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएको छ ।

१. महिला

२. एकल महिला

३. बालबालिका

४. ज्येष्ठ नगारिक

५. दलित (दमाइ, कामी, सार्की )

६. आदीवासी तथा अल्पसख्यक (तामाङ, गुरूङ र घले, अदि )

माधवप्रसाद अर्याल
अध्यक्ष

७. मजदुर

८. अपाङ्गता भएका व्यक्ति

९. द्वन्द पिडित

१०. विपन्न वर्ग

११. सुकुम्वासी

१२. लैङ्गिक तथा यौनिक अल्पसंख्यक

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणवाट उत्तरगया गाउँपालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु देखिएका छन । वलियो पक्ष, कमजोर पक्ष, अवस्था तथा चुनौती सँगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु तथा सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ । गाउँपालिकामा सघन रुपमा रहेको तामाङ,गुरुङ जाती मुख्य लक्षित वर्गमा पर्दछ । यो गाउँपालिकाका केही सवल पक्षहरु भएकोले ती पक्षहरुलाई श्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ ।

## ३. दीर्घकालिन सोच (Vision)

विभेद मुक्त, लैङ्गिक समानता तथा सामाजिक समावेशी युक्त न्यायपुर्ण गाउँपालिका निर्माण गर्ने ।

## ४. ध्येय (Mission)

सवै उत्तरगयावासी जनतालाई आवश्यक अवसर प्रदान गरी प्राप्त उपलव्धीका आधारमा विभेदको अन्त्य गर्ने ।

## ५. लक्ष्य (Goal)

न्यायोचित तथा समतामुलक विकासको माध्यमबाट वहिस्करणमा परेको वर्गलाई विकासको **मूल प्रवाहमा ल्याउने।**

माधवप्रसाद अर्याल
अध्यक्ष

## ६. उद्देश्य (Objectives)

यस रणनीतिको मुख्य **उद्देश्य** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मान्यता अनुरुप उत्तरगया गाउँपालिकाले गर्ने सम्पूर्ण विकासका तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो । यस रणनीतिका उद्देश्यहरु निम्नानुसार रहेका छनः

१. लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्ने ।

२. श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।

३. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता , सन्धि ,संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने ।

४. नीति,कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गरी आवाज सशक्तिकरण गर्ने ।

५. संस्थागत व्यवस्था अर्न्तगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवं लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने ।

६. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउने।

७. अनौपचारिक मूल्य मान्यता ,संस्कार जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने ।

८. शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाइ संग सम्बन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

## ७. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति(GESI Policy)

माथि उल्लेखित उदेश्यहरु परिपूर्तिको लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिने छ ।

माधवप्रसाद अर्याल
अध्यक्ष

१. वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास,पुर्वाधार, कृषि वन तथा भूमीसुधार,गरिबी निवारण, स्थानीय विकास तथा शान्ती एवम सुशासनसंग सम्बन्धीत सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।

२. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।

३. महिला तथा बालबालिकासंग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि,संझौताहरु,प्रतिवद्धताहरु तथा दीगो विकास लक्ष्यलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने ।

४. पालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिला,बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक,अपाङ्गता, ज्येष्ठ नागरिक,दलित,लोपोन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।

५. लैससास वारे संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्ने, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि, साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने

६. लक्षित वर्गको विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला ,बालबालिका तथा ज्येष्ठ नगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।

७. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरी महिला पुरुष समविकासलाई वढावा दिने ।

८. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अध्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।

९. बालबालिका तथा अपाङ्ग एवम् ज्येष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।

१०. मानव संसाधन विकास शाखा स्थापना गरी महिला तथा विपन्न, लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथमीकतामा राखेर कार्यान्वयन गर्दै लैजाने ।

११. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुकावारेमा कर्मचारीहरुलाई अध्यावधिक गर्दै लैजाने ।

१२. सामाजिक कुरीतिहरुका विरुद्ध सचेतनालाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने ।

१३. शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाई जस्ता सामाजिक विकासका क्षेत्रहरुमा लैससाससँग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

माधवप्रसाद अर्याल
अध्यक्ष

# ८. लैससास रणनीति(GESI Strategy)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि तपशिलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछः

## ८.१ मूल प्रवाहिकरण

क. महिला, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुच युक्त अवसर, सेवा मूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूल प्रबाहीकरण गर्ने।

ख. लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने साथै कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माध्यमवाट लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

## ८.२ समावेशीकरण

क. विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धित सवै क्रियाकलापहरुमा अर्थपूर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

## ८.३ स्थानीयकरण

क. अन्तराष्ट्रिय सन्धि ,संझौता,प्रतिवद्धता तथा दीगो विकास लक्ष्यका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हासिल गर्ने ।

## ८.४ सशक्तिकरण

क. लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता संगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।

ग. स्वरोजगार,रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माध्यमवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।

माधवप्रसाद अर्याल
अध्यक्ष

घ. कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माध्यमवाट विपन्न तथा बञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने ।

## ८.५ सचेतीकरण

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण वारे संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शनका प्रावधान कार्य प्रणाली र समावेशीताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथा परिणाममा एकरुपता ल्याउने ।

ख.समाजमा विद्यमान कूरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने ।

## ८.६ संस्थागत संरचना

क.संघीय तथा प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै गाउँपालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने ।

## ८.७ समन्वय

क. विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा,बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन ,मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

## ८.८ सहकार्य

क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि गाउँपालिका भित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु (बैक वित्तीय संस्था सहकारी उद्योग वाणिज्य संघ घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) बीच सहकार्य गर्ने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु सँग लैससास मैत्री साझा प्रतिफल हासील गर्न सहकार्य गर्ने ।

## ८.९ सहजीकरण

क. वहिस्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जूमा देखि अनुगमन मूल्याङ्कन सम्म हरेक चरणमा वस्ती तथा समुदाय स्तरमा नै सहजिकरण गर्ने संयन्त्र विकास गरी परिचालन गर्ने।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने सरकारी गैह्र सरकारी संघसंस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजिकरण गर्ने ।

## ८.१० सामाजिक सुरक्षा

क. नागरिक, जो आफै आफूलाई संरक्षण गर्न सक्दैन त्यस्ता नागरिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक,अपाङ्गता भएका ब्यक्तिहरु तथा एकल महिलाहरु यस अर्न्तगत पर्दछन भने ती वर्गको संरक्षण स्वास्थ्य ,शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

ख. सामाजिक सुरक्षा अर्न्तगत अल्पसंख्यक, सिमान्तकृत, लोपोन्मुख जातजातीहरु,दलित लगायत पर्दछन र ती वर्गको सुरक्षा ,स्वाथ्य,शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

## ८.११ अनुगमन मूल्याङ्कन

क. प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोणवाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

# ९. रणनैतिक कृयाकलापहरु

माधवप्रसाद अर्याल
अध्यक्ष

| क्र सं | उदेश्य | नीति | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरु | पुष्ट्याईका आधारहरु |
|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरी लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्ने । | वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास पूर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारण,स्थानीय विकास तथा शान्ति एवम सुशासन संग सम्बन्धीत सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने । | १.लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने । | १. कानुन मस्यौदा गर्दा र पास गर्दा लैससास दृष्टिकोणले विश्लेषण गर्ने<br>२. लैससास मैत्री योजना तर्जुमाका लागि निश्चित प्रतिशत पूजिगत बजेट विनियोजन गर्ने,<br>३. लैङ्गिक उत्तरदायी वजेट तर्जूमा तथा कार्यान्वयनका लागि सरोकारवाला पक्षलाई क्षमता अभिवृद्धि गर्ने ।<br>४. लैङ्गिक उत्तरदायी बजेट तर्जूमा तथा मूल्याङ्कन गर्न आवश्यक सूचना तथा तथ्याङ्कलाई व्यवस्थित गर्ने प्रणालिको विकास गर्ने । | १. कानुन कार्यविधिहरुको GESI दृष्टिकोणले विश्लेषण भएको हुनेछ<br>२. वार्षिक वजेटमा लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ<br>३.लैङ्गिक उत्तरदायी बजेट हेर्ने सुचना प्रणालीको विकास भएको हुनेछ ।<br>३. वार्षिक रुपमा लैससास परीक्षण | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>३. कार्यपालिकाका वैठकका निर्णयहरु<br>४. सभाका बैठकका निर्णयहरु<br>५. लैससास परीक्षण प्रतिवेदन |

माधवप्रसाद अर्याल
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ५. नियमिति लैससास परीक्षण गरी त्यसका आधारमा कमी कमजोरी सुधार्दै लैजाने | भएको हुनेछ । | |
| २ | श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने। | हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने । | विकासका अवसरबाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धित सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई वार्षिक रुपमा मूल्याङ्न गर्दै लैजाने । | १. लक्षित वर्गको छुट्टाछूट्टै प्रोपाइल तयार गर्ने ।<br>२. कानूनमा महिला तथा लक्षित समूदायको लागि उल्लेख भएका प्रावधानहरुका वारेमा सरोकारवाला पक्षलाई सुसुचित गर्ने ।<br>३. लक्षित वर्गलाई कानुनले दिएका अधिकारहरुको वारेमा अभिमुखीकरण गर्ने ।<br>४. संघसंस्थामा प्रतिनिधित्व, शाखा प्रमुखको जिम्मेवारी प्रदान, अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई प्राथमिकतामा राख्ने | १. लक्षित वर्गको वस्तुगत विवरण तयार भएको हुनेछ ।<br>२. कानून कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवा ग्राहीहरु लाई अभिमुखीकरण भएको हुनेछ ।<br>३. लक्षित वर्गका लागि जीविकोपार्जन सशक्तिकरणका लागि निर्दिष्ट बजेट विनियोजन भएको हुनेछ ।<br>४. उपभोक्ता समिति, कार्यदल हरुमा लक्षित वर्गको सहभागिता भएको | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. कानून कार्यविधि वारेमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति ।<br>३. उपभोक्ता समिति गठन र परिचालन कार्यविधि<br>४. कार्यपालिका तथा सभाका निर्णयहरु । |

माधवप्रसाद अर्याल
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ५. नेतृत्व तथा जिम्मेवारी वाडफाँडमा महिला एवम लक्षित वर्गको निश्चित % सहभागिता सुनिश्चित गर्ने<br>६. महिला तथा लक्षित वर्गको व्यवहारिक र रणनैतिक आवश्यकता पुरा गर्ने कार्यक्रम बनाउने | हुनेछ<br>५. लक्षित वर्गको व्यवहारिक र रणनैतिक आवश्यकता पुरा गर्ने कार्यक्रम संचालन भएको हुनेछ | |
| ३ | लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहिकरण गर्ने । | महिला तथा बालबालिका संग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्ष्यलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने । | अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी लागू गर्ने । | १. दीगो विकास लक्ष्य स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारिहरुलाई क्षमता विकास र परिचालन गर्ने<br>२. बेइजिङ सम्मेलनले गरेका १२ प्रतिवद्धता, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी १९८९ तथा संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको | १. दीगो विकास लक्ष्य, महिला माथि हुने सवै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार | १. अन्तराष्ट्रिय सन्धि संझौता अभिमुखीकरणको उपस्थिति तथा माइन्युट ।<br>२. वार्षिक नीति कार्यक्रम तथा बजेट ।<br>३. कार्यान्वयन लागि वनेका कार्यविधिहरु<br>४. कार्यपालिका तथा |

माधवप्रसाद अर्याल
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० वारेमा कर्मचारी तथा जनप्रतिनिधिहरुलाई अभिमुखीकरण गरी कार्यान्वयन गर्ने<br>३. उल्लेखित सन्धी संझौता अभिसन्धी स्थानीयकरण गरी वार्षिक कार्यक्रममा समावेश र कार्यान्वनयका लागि आवश्यक कानुन कार्यविधि वनाउने । | महासन्धीसम्बन्धी अभिमुखीकरण भएको हुनेछ ।<br>२. अन्तराष्ट्रिय सन्धि संझौताको स्थानीयकरण भइ वार्षिक कार्यक्रममा समावेश भएको हुनेछ । | सभाका निर्णयहरु । |
| ४ | नीति कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गर्ने। | गाउँपालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधि महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता , ज्येष्ठ नागरिक, | संघीय र प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै गाउँपालिकाले निर्माण गर्ने हरेक | १. कानून कार्यविधिहरु निर्माण गर्दा लैससास मैत्री भए नभएको विश्लेषण गर्ने ।<br>२. महिला पुरुष तथा रैथाने र आप्रवासी कामदारहरु विच हुने विभेद अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्ने<br>३. विगतमा बनेका कानून | १.कानूनले निर्दिष्ट गरेका संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन<br>२. नयाँ वन्ने कानून कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण तथा वनिसकेका कानुनमा आवश्यक | १.वार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका<br>२.कानून विश्लेषणका लागि कार्यदल गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका |

माधवप्रसाद अर्याल
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउदै लैजाने। | १. मानव संसाधन विकास शाखा स्थापना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथमिकता राखेर कार्यान्वयन गर्दै लैजाने ।<br>२. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरु वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने । | लक्षित वर्गको क्षमता अभिवृद्धि संगै सीप विकास गरेर आर्थिक गतिविधिहरुमा समावेस गरेर आत्मनिर्भर वनाउने । | १. लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने<br>२. लैससास बजेट खर्च कार्यविधि तयार गर्ने<br>३. पालिकाले आयोजना गर्ने प्रत्येक तालिममा लैङ्गिक समानता सामाजिक समावेशीकरण विषयलाई अकाट्य सवालको रुपमा राख्ने नीति वनाउने ।<br>४. मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने ।<br>५. लैङ्गिक हिंसा निवारण कार्यविधि वनाउने ।<br>६. कार्यस्थल तथा सार्वजानिक स्थलमा महिला किशोरी तथा बालबालिका माथि हुने यौन जन्य दुर्व्यवहार विरुद्ध विद्धमान कानुनी व्यवस्थाको प्रचार प्रसार | १.वार्षिक वजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२.मानव संसाधन तथा क्षमता विकास शाखाको स्थापना भएको हुनेछ ।<br>३.लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ ।<br>४.कार्यस्थलमा महिला तथा किशोरी माथि हुने यौन दुर्व्यहारमा कमी आएको हुनेछ । | १.वार्षिक नीति कार्यक्रम तथा बजेट<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि<br>३.कार्यस्थलमा महिला तथा किशोरी माथि हुने दुर्व्यवहार विरुद्ध निर्णय भएका माइन्यूटहरु ।<br>४.प्रत्यक्ष अवलोकन । |

माधवप्रसाद अर्याल
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गर्ने । | | |
| ७ | अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक | सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने । | समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल | १. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता साथै कर्मचारी तथा जनप्रतिनिधिहरु लाई पुरस्कार तथा दण्डको व्यवस्था गर्ने ।<br>२. हिंसा प्रभावित बेचविखनमा परेका महिलाहरुका लागि | १. सामाजिक कुरीतिहरुका विरुद्ध श्रव्य ,दृष्य सामाग्री निर्माण भएको हुनेछ<br>२. हिंसा प्रभावित महिला तथा यौनिक अल्पसंख्यकहरुका | १.वार्षिक बजेट तथा नीति कार्यक्रम<br>२.श्रव्य ,दृष्य सामाग्रीहरु<br>३.सामाजिक संजाल मा गरिएका पोष्टहरु<br>४.अन्तरजातीय विवाह गर्ने जोडी सम्मान |

माधवप्रसाद अर्याल
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समावेशितामा आधारित समाज स्थापना गर्ने | | (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने । | सेवा केन्द्र स्थापना गर्ने<br>३. सचेतनामुलक कार्यक्रमलाई रेडियो टि.भि. पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने<br>४. लैङ्गिक हिंसा निवारण आचारसंहिता निर्माण गरी त्यसको पालना गर्ने ।<br>५. अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने ।<br>६. सवै वडामा महिला कानूनी सचेतना कक्षाहरु संचालन गर्ने<br>७. सामाजिक कुरीति विरुद्ध भिडियोहरु वनाउने सडक नाटक प्रस्तुत गर्ने । | लागि सेवाकेन्द्र स्थापना भएको हुनेछ ।<br>३. अन्तरजातीय विवाह गर्ने जोडीहरु सम्मानित भएका हुनेछन ।<br>४. वडास्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना कार्यक्रम संचालन भएको हुनेछन । | कार्यक्रमको अभिलेख<br>५.प्रत्यक्ष अवलोकन (सेवा केन्द्र ) |

माधवप्रसाद अर्याल
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाइसंग सम्बन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने । | शिक्षा,स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता सामाजिक विकासका क्षेत्रहरुमा लैससास सँग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने । | प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने । | १. आफ्नै घरवाट निरक्षर महिलाहरुलाई साक्षर वनाउने कार्यक्रम संचालन गर्ने ।<br>२. शिक्षण अभ्यास संगै निश्चित निरक्षरलाई साक्षर वनाउने शैक्षिक नीति अवलम्वन गर्ने ।<br>३. यौनिक अल्पसंख्यकहरुका लागि विद्यालयमा शौचालय वैकल्पिक व्यवस्थापन गर्ने र अव वन्ने शौचालयमा सवैलाइ पुग्ने गरी निर्माण गर्ने ।<br>४. स्वरोजगार वन्न चहाने र वैदेशिक रोजगारीमा जान खोज्नेको सुचना संकलन गरी आवश्यक तालीम प्रदान गर्ने । आवश्यकता अनुसार बजेट विनियोजन गर्ने ।<br>५. आवश्यक वजेट विनियोजन गरी विपन्न | १.संभावना रहेका सवै निरक्षरहरु साक्षर भएका हुनेछन ।<br>२.यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा वैकल्पिक शैचालयको व्यवस्था भएको हुनेछ ।<br>३.वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहाने यूवाहरुका लागि सीप विकास तालिम संचालन भएको हुनेछ । | १. वार्षिक प्रगती प्रतिवेदन ।<br>२. तालिम सम्पन्न प्रतिवेदन ।<br>३. कार्यपालिका निर्णयहरु ।<br>४. सभाका निर्णयहरु ।<br>५. अनुमगन मुल्याङ्न फारमहरु |

माधवप्रसाद अर्याल
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | परिवार स्वास्थ्य वीमा कार्यक्रम सुरु गर्ने ।<br>६. अव उप्रान्त वन्ने सवै सार्वजानिक भवनहरुमा स्तनपान कक्ष सहित ड्रइङ डिजाइन गर्ने र कार्यान्वयन गर्ने ।<br>७. जोखिम यूक्त काम गरेर जीवन निर्वाह गर्नु पर्ने गर्भवती महिलाहरुको लागि राहत प्याकेज ल्याउने ।<br>८. हरेक ६ महिनामा सार्वजानिक सुनुवाइ वार्षिक रुपम सामाजिक परिक्षण र नियमित रुपमा सार्वजानिक परीक्षण गर्ने<br>९. हरेक अनुगमनमा लैससास दृष्टिकोणवाट गर्ने गरी फारमहरु तयार गरी कार्यान्वयन गर्ने । | | |

माधवप्रसाद अर्याल
अध्यक्ष

## १०. वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ नै तथापी यसमा अतिरिक्त वाह्य श्रोत प्राप्त भएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरणको कार्य गर्ने नत्र नगर्ने हुन सक्दैन । यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ ।

लैससास मुल प्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिने छ ।

क. लक्षित विकास कार्यक्रमका लागि गाउँपालिकाको निश्चित प्रतिशत वजेट विनियोजन गर्ने ।

ख. भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरी नीतिगत व्यवस्था गर्ने ।

ग. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरी महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने ।

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने ।

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्र्तगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुमा अध्ययन गरी आवश्यक परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्न ।

छ. सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने ।

## ११. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि यो उत्तरगया गाउँपालिकाको कार्यपालिका बैठकले अनुमोदन गर्नु पर्दछ।यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि यो गाउँपालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्य योजनाका

माधवप्रसाद अर्याल
अध्यक्ष

साथ कार्यान्वयनमा लैजाने छ।तर कार्यपालिकाले पास गरी सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयनमा आउने छन ।

## १२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी यो उत्तरगया गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ ।(लैससास परिक्षण दिगदर्शन २०७८ ले व्यवस्था गरेको ) भने सबै शाखा तथा वडा कार्यालयहरुले सबै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका संयोजक एवं यो गाउँपालिकाका उपाध्यक्षको हुनेछ भने आवश्यकता अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छूटेका विषयहरु पहिचान गर्न सकिनेछ ।यो गाउँपालिकामा कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी बहन गर्नुपर्नेछ ।रणनैतिक कृयाकलापका बारेमा सबै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरि वार्षिक प्रगति प्रतिवेदनमा लैसाससको अवस्था प्रस्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाइनेछ ।

## १३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

क. रणनीति कार्यान्वयनको सम्वन्ध भनेको मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण रहन्छ । लैससास परीक्षण दिगदर्शनले निर्दिष्ट गरेका १०० सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

ख. उत्तरगया गाउँपालिका भित्र कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससासको दृष्टिकोणले समेत विश्लेषण गरेर प्राप्त उपलव्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गरिनेछ ।

ग. यो गाउँपालिकामा कार्यरत विभिन्न सरोकारवाला संघ संस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास शाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गर्ने।जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु गाउँपालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धीत पक्षलाई सुझाव प्रदान गर्ने । वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सो को समेत अनुगमन गरि प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने ।

माधवप्रसाद अर्याल
अध्यक्ष

## १४. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु

### १४.१ संभाव्य जोखीम

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसार जोखिमहरु आउन सक्ने अवस्था छ ।

क. पितृसत्तात्मक सोच हावी रहेको सन्दर्भमा लैङ्गिक समानता रणनीतिले महिला तथा बालबालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपुर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुनसक्छ।

ख. सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गिक समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्छ।

ग. लैससास बहुपक्षीथ सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुन सक्छ ।

घ. लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुनसक्छ ।

ङ. विषयगत शाखा तथा अन्य सरोकारवालाहरु विच लैससास रणनीति कार्यान्वयन अन्यौल विविधता तथा दोहोरोपना हुन सकछ ।

### १४.२ जोखीम न्यूनीकरणका उपायहरु

क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम,गोष्ठी तथा छलफलको आयोजना गर्ने।

ख. बहुपक्षीय सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्य बढाउने।

ग. स्थानीय तहका हरेक वैठकमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समिक्षा गर्ने।

घ. विषय विज्ञहरु संग नियमित परामर्श गर्ने ।

## १५ निश्कर्ष

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा वनेका नीति तथा रणनीतिहरुलाई कार्यान्वयन गर्ने र अन्तराष्ट्रिय स्तरमा भएका सन्धी संझौता एवम प्रतिबद्धताहरुलाई स्थानीयकरण गरी वार्षिक नीति कार्यक्रममा समाविष्ट गर्दै लैजान आवश्यक छ ।यो गाउँपालिकामा वनेका नीति ,नियम ,कार्यविधिहरु अध्ययन गर्दा नीतिहरु वन्ने तर कार्यान्वयन नहुने कुरा स्पस्ट रुपमा देखिएको छ। त्यसैले वार्षिक रुपमा वनेका नीति ,नियम ,कार्यविधिहरु के कति कार्यान्वयन भए वा वाँकी

छन भन्ने कुरा पहिचान गर्ने गरि अनुगमन मूल्याङ्कनको क्षेत्रमा व्यापक सुधार गरी हरेक कृयाकलापलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नजरले मूल्याङ्कन गर्ने परिपाटी विकास गर्दै लैजानु पर्दछ । यसरी निश्चित समय सम्म लक्षित वर्गलाई न्यायोचित अवसर दिदै लैजाने हो भने चाडै नै लक्ष्यमा पुग्न सकिन्छ ।उत्तरगया गाउँपालिकामा पदाधिकारी तथा कर्मचारीहरुमा लक्षित वर्ग संगै युवाहरुको व्यापक सहभागिता रहेको हुनाले कार्यान्वनय गर्न सहज देखिन्छ ।

माधवप्रसाद अर्याल
अध्यक्ष